# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं

३ नं. प्रदेश, नेपाल

प.सं.:०७४/०७५

च.नं. २६५८

मिति:२०७५।०१।२५

श्री वडा कार्यालय,

सवै ।

**विषय:- प्रचार प्रसार गरी दिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७५।०१।२४ मा प्राप्त पत्रसाथ संलग्न सूचनाको छायाँ प्रति पठाईएकोले प्रचार प्रसार गरी दिनु हुन अनुरोध छ।

ईन्द्र गौतम

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार

फोन:- ०१-४२००३०९

# संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (सूचना तथा प्रविधि शाखा)

सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:- ०७४।०७५

चलानी नं:-

काठेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कौडी, काठमाडौं
३ नं प्रदेश, नेपाल
दर्ता शाखा
दर्ता नं. ६४६८
दर्ता मिति : २०७५।१।२५

मिति: २०७५।१।२४

विषय: प्रचार प्रसार गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट च.नं. ३८१, मिति २०७५।१।७ को पत्र मार्फत प्रचार प्रसार गरी सहयोग गरिदिने सम्बन्धमा प्राप्त सूचना सम्बन्धित सबैको जानकारीको लागि यसैसाथ संलग्न गरी प्रकाशित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

...................

(कृष्ण राज अर्याल)

शाखा अधिकृत

द.नं. १२५८
मिति २०७५।१।१५
(क.प्र.मि.)

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरवार, काठमाडौं

पत्र संख्या:
च.नं.: ३८१

२०७५।०१।०७

विषयः प्रचार प्रसार गरी सहयोग गरिदिने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरवार।

आगामी जुन-५, २०१८, विश्व वातावरण दिवसका अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने संघ/संस्था एंव व्यक्तिलाई प्रसंशा पत्र सहित नगद पुरस्कारद्धारा यस मन्त्रालयले पुरस्कृत गर्न मिति २०७५।०१।०६ र ०७ गतेको गोरखापत्रमा प्रकाशित सूचना यसैसाथ संलग्न राखी तहाँबाट समेत सो विषयमा प्रचार प्रसार गरिदिन हुन र वातावरण संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने व्यक्ति एवं संघ/संस्था भए सोको विवरण मिति २०७५।०२।०४ गते भित्र यस मन्त्रालयमा पठाई दिई सहयोग गरिदिन हुन निर्णयानुसार अनुरोध गर्दछु ।

२०७५।१।८

(रेवती प्रसाद सापकोटा)
उप सचिव


**कार्यालयको ठेगाना :**
सिंहदरवार, काठमाण्डौं
नेपाल

**कार्यालयको टेलिफोन नं. :**
४२११७३४ ४२११६४१ ४२११९९६
४२११९४६ ४२११८४४ ४२११९५४

**फ्याक्स नं. :**
+९७७ १ ४२११९५४

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## वातावरण संरक्षण पुरस्कारका लागि आवेदन माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०१।०६)

यस मन्त्रालयले विश्व वातावरण दिवस २०१८ को अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने संघ/संस्था/व्यक्तिलाई निम्नानुसारको वातावरण संरक्षण पुरस्कार एवं कदरपत्र प्रदान गर्ने कार्यक्रम रहेकाले वातावरण संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा काम गरिरहेका संघ/संस्था, समुदाय वा व्यक्तिलाई (संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रमाणित छायाँप्रति र वातावरण संरक्षण तथा प्रवर्द्धनमा पुऱ्याएको योगदान सहितको छोटो परिचय) आफुले गरेको विशिष्ट कार्यहरुको विवरण, कदरपत्र एवं पुरस्कार प्राप्त गरेको भए सो को छायाँप्रति र सम्बन्धित निकायको सिफारिस भए सो समेत संलग्न गरी सूचना प्रकाशित भएको ३० दिन भित्र यस मन्त्रालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | पुरस्कार | आवश्यक योग्यता |
|---|---|---|
| १ | वातावरण संरक्षण पुरस्कार | कम्तिमा ५ बर्षसम्म वातावरण संरक्षण तथा प्रवर्द्धन सम्बद्ध देहायका कुनै क्षेत्रमा कार्य गरेको<br>० जनचेतना अभिवृद्धि,<br>० वातावरण मैत्री प्रविधिको विकास र प्रसार,<br>० जलवायू परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण,<br>० फोहोरमैला व्यवस्थापन,<br>० वातावरण संरक्षण तथा प्रवर्द्धन सम्बन्धी अध्ययन अनुसन्धान, प्रकाशन, प्रतिवेदन |
| २ | वातावरण संरक्षण महिला पुरस्कार | कम्तिमा ५ बर्षदेखि वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि, वातावरण मैत्री प्रविधिको विकास, वातावरण तथा जलवायू परिवर्तन सम्वद्ध बिषयमा अध्ययन अनुसन्धानमध्ये कुनै क्षेत्रमा कार्य गरिरहेको महिला वा महिला समूहद्वारा संचालित संघ/संस्थाले सो को प्रमाण संलग्न गरी, |
| ३ | वातावरण मैत्री उद्योग पुरस्कार | वातावरण मैत्री प्रविधि र व्यवस्थापनको उपयोग गरी वातावरण संरक्षणमा कम्तिमा ५ बर्ष देखि योगदान गर्दै आएका उद्योगले (१) उद्योग दर्ताको प्रमाणपत्र (अद्यावधिक नवीकरण) (२) ISO-9001/14001 प्रमाणपत्रको प्रतिलिपी र सो को कार्यान्वयन स्थिति विवरण (३) स्वीकृत IEE/EIA Mitigation एबिल अनुसार कार्य गरेको अभिलेख, (४) सामाजिक उत्तरदायित्व वहन सम्बन्धी कागजात, (५) वातावरणीय असर न्यूनीकरण गर्न अवलम्बन गरिएका विधिहरु (६) स्थानीय निकाय (गाउँपालिका/नगरपालिका) र उद्योग विभाग/मन्त्रालयको सिफारिस संलग्न गरी, |
| ४ | उत्कृष्ट वातावरण पत्रकार पुरस्कार | वातावरण पत्रकारिताको क्षेत्र (विद्युतीय/छापा संचार माध्यम) मा कम्तिमा ५ बर्ष देखि कार्यरत पत्रकारले (१) सूचना विभागद्वारा जारी परिचयपत्रको प्रमाणित प्रतिलिपी (२) गरेको उल्लेखनीय कार्यको अभिलेख प्रतिलिपी, र (३) नेपाल पत्रकार महासंघको सिफारिस संलग्न गरी, |
| ५ | जलवायू परिवर्तन व्यवस्थापन पुरस्कार | कम्तिमा ५ बर्षसम्म जलवायू परिवर्तनका नकारात्मक प्रभावहरु न्यूनीकरण सम्बन्धी (१) प्रविधिको विकास र प्रसार, (२) अनुकुलन सम्बन्धी स्थानीय क्षमता विकास (३) अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन (४) न्यून कार्वन उत्सर्जन प्रविधि विकास, प्रयोग र प्रसारमध्ये कुनै क्षेत्रमा काम गरेको व्यक्ति वा संघ/संस्थाले सो सम्बन्धी कागजात संलग्न गरी । |

उपरोक्त पुरस्कारको लागि उपयुक्त व्यक्ति वा संघ/संस्था को नाम सिफारिस गरी यस मन्त्रालयमा पठाई सहयोग गरिदिनु हुन सम्बन्धित क्षेत्रमा काम गर्ने सरकारी तथा सामुदायिक निकायहरुलाई समेत यसै सूचना मार्फत आव्हान गरिन्छ । थप जानकारीका लागि यस मन्त्रालयमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।